annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ८९ पृष्ठ ८ | काठमाडौं, आइतबार ११ साउन २०८२ | श्रावण शुक्लपक्ष तृतीया नेपाल संवत् ११४५ | SUNDAY, JULY 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# मधेसको गौरवपूर्ण गौशाला जसले भेट्छ, हड्प्छ

**टन्न जमिन, भाडामा कमर्सिलय भवन । यस्तो संस्था पक्कै पनि नाफामा हुनुपर्ने हो । तर, मुलुककै जेठो महोत्तरीको गौशाला भने प्रशस्त जमिन भएर संकटमा छ । अरू त अरू यहाँ पालिएका गाई पनि पर्याप्त खान नपाएर भोकभोकै मर्ने गरेका छन् । अर्कोतिर न संस्थाको आर्थिक कारोबार पारदर्शी छ न संस्थाको सम्पत्ति नै । असल अनि सुयोग्य व्यवस्थापक, संरक्षणको जिम्मा लिएको निकायले समयमै ठोस कदम उठाउन नसक्दा संस्थाको अस्तित्व नै धरापमा छ ।**

### गौशालाको जग्गा कसले कति हडपेका छन् ?

| सि.नं. | प्रयोगमा ल्याएको सार्वजनिक निकाय | क्षेत्रफल | निर्णय वा सिफारिस गर्ने निकाय |
|---|---|---|---|
| १ | बिर्ता खेल मैदान, गौशाला ४ | ३ बिगाहा | तत्कालीन ७ दलीय कार्यकर्ता |
| २ | फुटबल मैदान नवराजपुर, गौशाला ३ | ३ बिगाहा १५ कट्ठा | वडा नं. ३ को कार्यालय |
| ३ | पचायन मन्दिर तथा पिकनिक स्पट निर्माण | ४ बिगाहा | गौशाला नगरपालिकाको कार्यालय |
| ४ | वडा नं. ३ को वडा कार्यालय | ३ कट्ठा | गौशाला नगरपालिकाको कार्यालय |
| ५ | संस्थाको प्रशासनिक कार्यालय आसपासको बस्ती र टहरा | ३ बिगाहा | स्थानीय राजनीतिक दलका कार्यकर्ताको संरक्षणमा स्थानीयवासी |
| ६ | नवराजपुर धर्मशाला | ५ कट्ठा | वडा कार्यालय तथा स्थानीय राजनीतिक दलका कार्यकर्ता |
| ७ | गौशाला पशु हाटबजार | २ बिगाहा १७ कट्ठा | तत्कालीन ८ दलीय राजनीतिक दलको सहमतिमा गौशाला गाविसको कार्यालय |

*स्रोत : निगौल गाई गौशालाको कार्यालय*

**धनवीर महतो** | *गौशाला (महोत्तरी)*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

## नासाका झन्डै ४ हजार कर्मचारी कटौती



**न्युयोर्क** (एजेन्सी) : अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले ठूलो मात्रामा कर्मचारी कटौती गर्ने भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको संघीय श्रमशक्ति कटौती गर्ने प्रयासअन्तर्गत करिब ३ हजार ९०० कर्मचारी कटौती गर्ने भएको हो।

नासाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'दोस्रो चरणको राजीनामा कार्यक्रममा करिब तीन हजार कर्मचारीले भाग लिएका छन्।' पहिलो चरणमा सामेल भएका ८ सय ७० र केही कर्मचारीले नियमित बिदाइ रोजेसँगै जनवरीमा ट्रम्पले कार्यभार सम्हाल्नुअघि १८ हजारभन्दा बढी सरकारी कर्मचारी रहेको नासामा अब करिब २० प्रतिशत कार्यबल कटौती भई १४ हजारमा झरेको छ।

स्थगित राजीनामा कार्यक्रममा राष्ट्रिय 'एरोनोटिक्स' र अन्तरिक्ष प्रशासन छोड्नेहरूलाई बिदाइका लागि सहमत प्रस्थान मितिसम्म प्रशासनिक बिदामा राखिनेछ। यद्यपि, नासाका प्रवक्ताले आगामी हप्ताहरूमा यो आँकडामा केही परिवर्तन आउन सक्ने बताएका छन्।

'सुरक्षा हाम्रो निकायका लागि उच्च प्राथमिकता रहेको छ। हामी अधिक सुव्यवस्थित र अधिक कुशल संगठन बन्ने आवश्यकतालाई सन्तुलित गर्दछौं र चन्द्रमा र मंगल ग्रहसहित अन्वेषण र नवीनताको स्वर्णिम युग पछ्याउन हामी पूर्णरूपमा सक्षम छौं भन्ने सुनिश्चित गर्न काम गर्दछौं,' एजेन्सीले भनेको छ। यस वर्षको सुरुमा ट्रम्प प्रशासनको प्रस्तावित नासा बजेटले चन्द्रमामा पुनः फर्कने र मंगल ग्रहको अगाडि र केन्द्रको यात्रा गर्ने प्रस्ताव गरेको थियो।

ह्वाइट हाउसले चीनलाई चन्द्रमामा फर्काउने र मंगल ग्रहमा पहिलो मानव पठाउने विषयमा ध्यान केन्द्रित गर्न चाहेको बताएको छ। चीनले सन् २०३० सम्ममा चन्द्रमामा पहिलोपटक अवतरण गर्ने लक्ष्य राखेको छ भने 'आर्टेमिस' भनिने अमेरिकी कार्यक्रमले पटक-पटक ढिलाइ खेप्दै आएको छ।

ट्रम्पका पूर्वसल्लाहकार एलन मस्कद्वारा समर्थित प्रविधि अर्बपति जेरेड इसाकम्यानलाई ट्रम्प प्रशासनले अनुमोदन नगरेपछि नासालाई कार्यवाहक प्रशासकको नेतृत्वमा सञ्चालन हुँदै आएको छ।

# अख्तियारमा भ्रष्टाचारका उजुरीका चाङ, २० हजार स्थानीय तहका

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष ०८१/०८२ मा ३७ हजार २६ भ्रष्टाचारका उजुरी परे। तीमध्ये १९ हजार ९ सय ३३ स्थाानीय तहसँग सम्बन्धित छन्। अर्थात् ५३.८४ प्रतिशत उजुरी स्थानीय तहमा भएका अनियमितता, भ्रष्टाचार र बेथितिका छन्। ०८१/०८२ मा आयोगमा २८ हजार ५ सय ९७ उजुरी परेका थिए भने अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ८ हजार ४ सय २९ उजुरी थिए।

संघीय सरकारसँग सम्बन्धित उजुरी १२ हजार ४ सय ७५ (३३.६९ प्रतिशत) र प्रदेश सरकारसँग सम्बन्धित ४ हजार ६ सय १८ (१२.४७ प्रतिशत) रहेको अख्तियारका प्रवक्ता सहसचिव राजेन्द्रकुमार पौडेलले जानकारी दिए। सबैभन्दा बढी उजुरी आयोगको वेबसाइटबाट प्राप्त भएका छ्न। १०,२४५ उजुरी वेबसाइटबाट परेका थिए। लिखित निवेदनबाट १०,१८०, इमेलमार्फत ८,४८८, हुलाक सेवाबाट ५,५५५ समेत गरी अन्य





माध्यमहरू टेलिफोन, भाइबर, फेसबुक, मोबाइल एप, समाचार पत्र, राष्ट्रिय सतर्कता केन्द्र र हेलो सरकारबाट २,५५८ उजुरीहरू प्राप्त भएका थिए।

आयोगमा प्राप्त भएका ३७,०२६ कुल उजुरीमध्ये छानबिन तथा अनुसन्धानबाट २९,७०३ (८०.२२ प्रतिशत) फछ्र्योट भएका छन्। बाँकी ७,३२३ चालु आवमा जिम्मेवारी सरेर आएका छन्। प्राप्त उजुरीमध्ये ६,७१५ विभिन्न निकायमा आवश्यक कारबाहीका लागि लेखी पठाइएको र ५८६ सुझावसहित कार्यान्वयनका लागि लेखी पठाइएको अख्तियारले जनाएको छ।

**१३७ मुद्दा**

आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट ८१ वटा बैंठक बसी १३७ वटा मुद्दा दायर गर्नेसहित जम्मा १,४११ वटा निर्णयहरू भएका छन्। विशेष अदालतमा १३७ वटा आरोपपत्र दायर भएकामा कुल ७५३ जना प्रतिवादी बनाई ५ अर्ब ९७ करोड ७३ लाख ८ हजार ८ सय ३८ रुपैयाँ बिगो मागदाबी लिइएको छ। तीमध्ये घुस/रिसवत ३७, गैरकानुनी लाभ वा हानि ३६, झुट्टा/नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र २७, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी २३, गैरकानुनी सम्पत्ति आर्जन ८, सम्पत्ति शुद्धीकरण २ र विविध विषयका ४ वटा रहेका छन्। रंगेहात कारबाही २२ वटा भएकामा ३३ जना व्यक्तिहरू नियन्त्रणमा लिई निजहरूबाट ५५ लाख १० हजार रकम बरामद भएको अख्तियारले जनाएको छ।

» बाँकी पृष्ठ ६

## कम्बोडिया–थाइल्यान्ड युद्धविराम गर्न ट्रम्पको पहल

**लन्डन** (एजेन्सी) : कम्बोडिया र थाइल्यान्डको सीमा विवाद अन्त्यका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो तर्फबाट वार्ता गरिरहेको बताएका छन्। ट्रम्पले सामाजिक सञ्जाल ट्रुथमा लेखेका छन्, 'थाइल्यान्डसँगको युद्ध रोक्ने सन्दर्भमा कम्बोडियाका प्रधानमन्त्रीसँग भर्खरै कुराकानी भएको छ। मैले थाइल्यान्डका कार्यवाहक प्रधानमन्त्रीसँग भर्खरै कुरा गरेको छु र यो कुराकानी निकै राम्रो भएको छ।' सामाजिक सञ्जालमा अगाडि उनले भनेका छन्, 'कम्बोडियाजस्तै थाइल्यान्ड पनि तत्काल युद्धविराम र शान्ति चाहन्छ। अब म कम्बोडियाका प्रधानमन्त्रीलाई त्यो सन्देश दिनेछु। दुवै पक्षसँग कुरा गरिसकेपछि युद्धविराम, शान्ति र समृद्धि स्वाभाविक देखिन्छ। हामी चाँडै यसलाई देख्नेछौं।'

स्थानीयले रबर र धान खेती गर्ने खेतीयोग्य जमिन र पहाडले घेरिएको जंगली र देशको ग्रामीण सीमा क्षेत्रमा युद्ध फैलनुअघि सीमानामा लामो समयदेखि विवादित प्राचीन मन्दिर स्थलहरूमा तनाव उत्पन्न भएको थियो। थाइल्यान्डको खाडीमा मुख्य फ्रन्टलाइनबाट करिब २५० किलोमिटर दक्षिणपश्चिममा पर्ने तटीय क्षेत्रमा शनिबार तेस्रो दिन झडप भएको छ।


# एन्टी रेबिजको अभाव छ, कुकुरबाट जोगिनू !

**दिनेश गौतम** | *काठमाडौं*

घरपालुवा वा छाडा कुकुर, स्याल, ब्वाँसो, बाँदरलगायत जनावर नजिकै छन् ? छन् भने टोकाइबाट जोगिनुहोस्। रेबिज रोगको उपचार हुँदैन तर समयमै रेबिजविरुद्धको खोप लगाउन सकेमा ज्यान जोगिन्छ। तर, अहिले सरकारी संस्थामा रेबिज खोपकै अभाव छ।

रेबिज संक्रमित पशुले मानिस वा अन्य पशुलाई टोक्दा रेबिज सर्छ। यो प्राणघातक रोग हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार एक करोडभन्दा बढी नेपाली रेबिजको उच्च जोखिममा छन्। नेपालमा अधिकांशलाई रेबिज संक्रमित (बहुला) कुकुरको टोकाइबाट रेबिज हुने गरेको छ। संक्रमित कुकुरले कसैलाई घाँटीभन्दा माथिल्लो भागमा टोकेको छ भने एकदेखि चार हप्ताभित्र लक्षणहरू देखा पर्छ। अन्य भागमा टोकेको छ भने एक महिनादेखि एक वर्षभित्रमा लक्षण देखिने चिकित्सकहरू बताउँछन्।

गण्डकी प्रदेश, स्वास्थ्य मन्त्रालयका सचिव डा.विश्वबन्धु बगालेले पनि एन्टी रेबिज खोपको माग बढेको जानकारी दिए। 'खोपको माग बढेको छ तर संघबाट पठाउँछौं भनिएको छ। तर, खोप आउन ढिलाइ भइरहेको छ। माग र आपूर्ति मिलेको छैन,' डा. बगाले भन्छन,'प्रदेशबाटै अलिकति बजेट छुट्याएका छौं। संघबाट खोप नआएमा प्रदेशबाटै खरिद गर्ने योजना गरेका छौं।'



### कस्तो अवस्थामा रेबिज खोप लिनुपर्छ ?

| जोखिमको श्रेणी | किसिम | रेबिजविरुद्ध खोप |
|---|---|---|
| श्रेणी १ (जोखिम नभएको) | जनावरलाई छुँदा वा खुवाउँदा जनावरले घाउ नभएको छालामा चाट्दा | खोप नचाहिने |
| श्रेणी २ ( जोखिम भएको ) | जनावरले टोक्दा छाला खोस्रेको भएमा | घाउ सफा गर्ने र तुरुन्तै खोप लगाउने |
| श्रेणी ३ (उच्च जोखिम भएको) | टोकेर छालामा एक वा एकभन्दा बढी घाउ भएको रगत बगेको। | घाउ सफा गर्ने, चिकित्सकको सल्लाहबमोजिम खोप लगाउने |

*स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय।*

सरकारी स्वास्थ्य संस्थामा निःशुल्क उपलब्ध हुँदै आएको एन्टी रेबिज खोप बर्सेनि झन्डै ४० हजारले खोप लगाउँछन्। सरकारले सन् २०३० सम्ममा रेबिजबाट हुने मृत्युदरलाई शून्यमा झार्ने लक्ष्य लिएको छ। स्वास्थ्य सेवा विभाग, ईपीडीमीयोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार बर्सेनि रेबिजबाट १ सयभन्दा बढीको मृत्यु हुने गरेको छ । मानिस, कुकुर, स्याल, बिरालो, गाई, भैंसी, भेडा, बाख्रा, बंगुर, घोडा, ब्वाँसो, बाँदर, फ्याउरो, चमेरा आदिमा रेबिज रोग सर्छ। यस रोगका कारण विश्वमा बर्सेनि ६० हजारभन्दा बढीको ज्यान जाने गरेको विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले जनाएको छ। मुख्यतः भाइरसले मस्तिष्कमा असर पुर्‍याउँछ।

नारायणी अस्पताल, वीरगन्जमा एक महिनादेखि खोपको अभाव हुँदै आएको छ। 'शुक्रबार मात्रै तीन सय भायल आएको छ। जुन १५/२० दिनलाई पुग्ला,' नारायणी अस्पताल वीरगन्जका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा.चुमनलाल दास भन्छन,'छाडा कुकुरको टोकाइबाट जोगिनुस भन्दै सचेत गराउनुपर्ने भएको छ।' भेरी अञ्चल अस्पताल नेपालगन्जका मेडिकल सुपरिटेन्डेन्ट डा.नीराजन सुवेदीका अनुसार गाडी पठाएर बुटवलबाट ५ सय भायल एन्टी रेबिज भ्याक्सिन शुक्रबार ल्याइएको छ। जुन १५ दिनलाई मात्र पुग्छ।

सरकारले रेबिजविरुद्धको भ्याक्सिन निःशुल्क दिने गरेको छ। स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले भारतबाट समयमै रेबिज खोप खरिद गर्न नसक्दा भ्याक्सिनको अभाव देखिएको हो। यो भायल निजी स्वास्थ्य संस्थामा ८ सय रुपैयाँसम्म पर्छ। रेबिजको शंका भएमा छालामा तीन डोज लगाउनुपर्छ।

संक्रामक रोगको पहिलो सूचीमा पर्छ, रेबिज। एन्टी रेबिज खोप प्रभावकारी, सुरक्षित र लामो समयसम्म प्रतिरोधात्मक शक्ति दिने हुन्छ। अर्थ मन्त्रालयले स्वास्थ्य सेवा विभागलाई एन्टी रेबिज भ्याक्सिन खरिद गर्न गत आर्थिक वर्षमा झन्डै १९ करोड रुपैयाँ बजेट छुट्याएको थियो। तर, स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखाले समयमा पर्याप्त खोप खरिद गर्न सकेन। 'पहिला अलि अभाव थियो। अहिले खरिद प्रक्रियालाई छिटोछिटो अघि बढाएका छौं,' ईपीडीमीयोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चन्द्रभाल झा भन्छन्,'अहिले सातवटै प्रदेशमा थोरैथोरै परिमाणमा भए पनि पठाइरहेका छौं।'

» बाँकी पृष्ठ ६